# फाल्गुनन्द राजपत्र

# फाल्गुनन्द गाउँपालिकाद्वारा प्रकाशित

***खण्ड:७*** ***संख्या: ८*** ***मिति: २०८१/०३/....***

**भाग-२**

## फाल्गुनन्द गाउँपालिका, फाक्तेप, पाँचथर

*गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।*

### फाल्गुनन्द गाउँपालिकाका कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०

१. **प्रस्तावना** फाल्गुनन्द गाउँपालिका स्थानीय तहमा कार्यरत कर्मचारी र कार्यालय व्यवस्थापन मार्फत सेवा प्रवाहलाई सुदृढ एवम् प्रभावकारी वनाउन तथा गाउँपालिकालाई उत्तरदायी, सहभागितामुलक बनाई गाउँपालिकालाई समृद्ध बनाउन कोशी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० मा गरिएको तह वृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित र पारदर्शी ढंगले कार्यान्वयन गर्न वाञ्छनीय भएकाले

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

२. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "फाल्गुनन्द गाउँपालिकाका कर्मचारीको तहबृद्धि सम्बन्धी कार्यविधि २०८१ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

३. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "ऐन" भन्नाले कोशी प्रदेशले जारी गरेको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनु पर्दछ।

(ख) "कार्यविधि" भन्नाले फाल्गुनन्द गाउँपालिकाका कर्मचारीको तहबृद्धि सम्बन्धी कार्यविधि, २०८१ सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले फाल्गुनन्द गाउँपालिका सम्झनु पर्छ।

(घ) "गाउँकार्यपालिका" भन्नाले फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिका सम्झनु पर्दछ।

(ङ) "कर्मचारी" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गाउँपालिकामा समायोजन भएका र स्थानीय सेवा भित्रका पदमा यस गाउँपालिकामा कार्यरत कर्मचारी सम्झनु पर्छ।

(च) "कार्यालय" भन्नाले गाउँपालिका भित्र रहेका गाउँपालिका मातहतका कार्यालय सम्झनु पर्दछ।

(छ) "तहबृद्धि" भन्नाले ऐन र कार्यविधिले तोके बमोजिम हुने कर्मचारीको तहबृद्धि सम्झनु पर्छ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फाल्गुनन्द गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(झ) "प्रदेश किताबखाना" भन्नाले कोशी प्रदेशको किताबखाना सम्झनु पर्छ।

(ञ) "प्रदेश लोकसेवा आयोग" भन्नाले कोशी प्रदेश लोकसेवा आयोग सम्झनु पर्छ।

(ट) "परामर्श" भन्नाले ऐनको दफा १०३ बमोजिम प्रदेश लोकसेवा आयोगलाई मागिने परामर्श सम्झनु पर्छ।

(ठ) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ ।

(ड) "मन्त्रालय" भन्नाले कोशी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ।

४. **सूचना प्रकाशन गर्नेः** (१) ऐनको दफा (२७) बमोजिम तह वृद्धि गर्नको लागि ऐनमा राखिएको प्रावधानहरु समावेश गरी गाउँपालिकाले एक महिनाको म्याद राखि अनुसूची १ बमोजिमको ढाँचामा सार्वजानिक सूचना प्रकाशन गर्नु पर्नेछ।

५. **निवेदन दिनु पर्जेः** (१) ऐन र कार्यविधि बमोजिम तहबृद्धिको लागि योग्यता पुगेका कर्मचारीहरुले दफा ३ बमोजिम निवेदन दिदा तपसिल बमोजिमका कागजातहरु अनिवार्य संलग्न गर्नु पर्नेछ।

क. पछिल्लो तीन वर्षमा कार्यस्मपादन मूल्याङ्कन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,

ख. सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपि,

ग. स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,

घ. विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

ङ. पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा)

च. ऐनको दफा २७ को उपदफा ४ बमोजिमको तह वृद्धि सिफारिस समितिले मागेको अन्य कागजातहरु,

६. **सिफारिस समितिको गठन, मूल्यांकन तथा सिफारिसः** (१) तह वृद्धिका लागि सिफारिस गर्न देहाय बमोजिमको तह वृद्धि सिफारिस समिति गठन गरिनेछ-

क. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख. कार्यपालिकाले तोकेको एक महिला सहित दुइ जना बरिष्ठ कर्मचारी - सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले कार्यालयमा रितपूर्वक प्राप्त भई दर्ता भएका निवेदनको जाँचबुझ गरि उपदफा (७) समेतको विपरित नहुने गरि पाँचौबाट छैटौ र सातौंबाट आठौं तहमा तह वृद्धिका लागि कार्यपालिका समक्ष सिफारिस गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले सिफारिस गरेपछि कार्यापालिकाको निर्णय अनुसार तह वृद्धि भएका कर्मचारीहरुलाई अनुसूची-२ बमोजिमको ढाँचामा नियुक्ति पत्र दिइनेछ।

(४) यस दफा बमोजिम तह वृद्धिका लागि गठन भएको समितिका सदस्यले मूल्यांकनका लागि बैठक बस्दा प्रचलित कानून बमोजिम बैठक भत्ता पाउनेछ।

७. **आवश्यक न्युनतम योग्यता र सेवा अवधिः** (१) तहबृद्धि हुने कर्मचारीहरुको आवश्यक न्युनतम योग्यता र सेवा अवधि ऐनमा व्यवस्था भए बमोजिम हुनेछ।

८. **तह वृद्धि सम्बन्धी विशेष व्यवस्थाः** (१) गाउँपालिकामा दरबन्दी/पदाधिकार भइ अन्य स्थानीय तह वा प्रदेश बाहिर कामकाजमा खटिएका कर्मचारीहरुको तह वृद्धी गाउँपालिकाबाट नै हुनेछ।

तर त्यसरी तह वृद्धि हुने कर्मचारीहरुले तोकिएको मिति भित्र काज फिर्ता लिइ निवेदन पेश गर्नु पर्नेछ।

(२) गाउँपालिकामा कामकाजमा खटिएर आएका कर्मचारीहरुको हकमा कामकाजमा खटिएको अवधिभरी तह वृद्धि गर्न सकिने छैन।

९. **जेष्ठता कायमः** (१) यस कार्यविधि बमोजिम तह वृद्धिको लागि गाउँपालिकामा समायोजन भएका कर्मचारीको जेष्ठता गणना गर्दा ऐनको दफा २६ बमोजिम गणना गरिनेछ।

(२) तह वृद्धि हुने कर्मचारीको ऐनको दफा २७ को उपदफा ३ बमोजिम प्रत्येक आर्थिक वर्षको माघ १ र श्रावण १ गतेबाट जेष्ठता कायम हुनेछ ।

१०. **तह वृद्धि गर्न नहुनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ३० बमोजिम अयोग्यता भएको कर्मचारीहरुको तह वृद्धि गर्न सकिने छैन।

११. **तह वृद्धि गर्नु पर्नेः** (१) यस कार्यविधि बमोजिम तह वृद्धिका लागि निवेदन दिएका कर्मचारीहरुको तह वृद्धिको लागि कार्यविधिको दफा ६ बमोजिमको समितिले दरखास्त दिने म्याद सकिएको ७ दिन भित्र तह वृद्धिका लागि **सिफारिस** गरिसक्नु पर्नेछ।

(२) उपदफा १ बमोजिम सिफारिस प्राप्त भएको मितिले ७ दिन भित्र ऐनको दफा २७ को उपदफा ३ बमोजिम गाउँकार्यपालिकाले निर्णय गरी नियमानुसार तह वृद्धिको पत्र दिनु पर्नेछ।

१२. **सार्वजनिक गर्नेः** तह वृद्धि भएका कर्मचारीहरुको विवरण गाउँपालिकाले आफ्नो सूचना पाटी र वेबसाइटमा अनिवार्य सार्वजनिक गर्नु पर्नेछ।

१३. **सचिवालयः** तह वृद्धि सम्बन्धी कार्य गर्न गाउँपालिकाको प्रशासन शाखाले सचिवालयको काम गर्नुपर्नेछ।

१४. **तह वृद्धि भएका कर्मचारीको सेवा सुविधाः** (१) दफा ९ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि तह वृद्धि भएका कर्मचारीले कार्यालयले तह वृद्धिका लागि निर्णय गरेको मितिबाट मात्र माथिल्लो तहको तलव भत्ता प्राप्त गर्नेछन्।

(२) ऐन बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलव भन्दा घटी हुने भएमा खाई पाई आएको तलव भन्दा घटी नहुने गरी कार्यालयले तलव मिलान गर्नु पर्नेछ।

(३) तह वृद्धि भएका कर्मचारी निवृत हुँदा उपदान तथा निवृतिभरणको लागि प्राप्त गर्ने सेवा सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

**१५. <u>जानकारी दिनु पर्ने:</u>** (१) यस कार्यविधि बमोजिम सम्बन्धित कार्यालयले गरेको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा मन्त्रालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवालाई दिनु पर्नेछ।

**१६. <u>उजुरी/गुनासो:</u>** तह बृद्धिको निर्णय उपर चित्त नबुझेमा सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सक्ने छ ।

**१७. <u>प्रचलित कानून बमोजिम हुने:</u>** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१८. <u>बाधा अड्काउ फुकाउन सक्ने:</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार ऐनको दफा २७ को उपदफा ४ बमोजिम हुनेछ।

**१९. <u>खारेजी र बचाउः</u>** गाउँपालिकाको कर्मचारीको तहवृद्धि सम्बन्धी कार्यविधि, २०८० खारेज गरिएको छ। उक्त कार्यविधि बमोजिम भए गरेका कामकारबाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

अनुसूची-१

फाल्गुनन्द गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

फाक्तेप पाँचथर,

कोशी प्रदेश

**स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० बमोजिम तह बृद्धि सम्बन्धी सूचना**

**(सूचना नं...........)**

यस गाउँपालिकामा कार्यारत स्थानीय सेवाका कर्मचारीहरुको तह बृद्धिको लागि कोशी प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० तथा फाल्गुनन्द गाउँपालिकाको कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ बमोजिम तह वृद्धि हुने सम्भाव्य उम्मेद्वारहरुले मिति २०..../..../... गते कार्यालय समय भित्र दरखास्त फाराम भरी तपसिल बमोजिमका प्रमाणित कागजातहरु संलग्न गरी दरखास्त दिनुहुन सूचित गरिन्छ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

तपसिलः

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(ख) सुरु स्थायी नियुक्ति देखि हालसम्मको नियुक्ति/पदस्थापन पत्रहरुको प्रतिलिपी ।

(ग) तह बृद्धि भएको भए सोको प्रमाणपत्रको प्रतिलिपी ।

(घ) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

(ङ) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २८ बमोजिम योग्यता र सेवा अवधी पुगेको हुनुपर्नेछ ।

(च) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(छ) दरखास्त फाराममा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएको हकमा समायोजन पुर्वको सेवा समूह स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

(ज) सम्भाव्य उम्मेद्वारहरुले आफुले कुन दफा बमोजिम तह बृद्धि हुने हो सो दफा समेत खुलाएर दरखास्त पेश गर्नुपर्नेछ ।

(झ) दरखास्त फाराम गाउँपालिकाको वेब साइट www.phalgunandamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

...........................

(प्रमुख प्रशासकीय अधिकृत)

<u>तह बृद्धि दरखास्त फाराम</u>

श्रीमान ..............................................

कर्मचारीको तहबृद्धि भै .......................... तह मिलान हुनको निमित्त यो आवेदन फारम भरी पेश गरेको छु ।

१. आवेदको नाम थरः ....................................... २. सुरु नियुक्ती मिति ......................... ३. सुरुको पद....................

४. बढुवा नियुक्ती मितिः ...................................... ५. हालको पद. ................................ ६ समुह/उपसमुह..................

७. यस अघि तह बृद्धि/तह मिलान भएको तह......................... ८. समुह/उपसमुह...............................

९. दरवन्दी रहेको कार्यलको नाम ............................. १०. हाल कार्यारत कार्यलयको नाम....................

११. स्थानीय सेवा गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको ऐन, २०८ को दफा ... को उपदफा... बमोजिम स्तरबृद्धि हुन दावि गरिएको पद..................

१२. कर्मचारी समायोजन ऐन, २०७५ अनुसार समायोजन हुनु पुर्वको सेवा................... समूह/उपसमूह............................. समायोजन भएको मिति.............................

**सेवा अवधि र कार्यलयको विवरणः**

| क्र.सं. | कार्यलयको नाम (नियुक्ति देखी हाल सम्मको ) | सेवा अवधि | नियुक्ती/सरुवा/बढुवा वा तह मिलान | निर्णय वा सिफारिस मिति | हाजिर भएको मिति | गयल कट्टि मिति .... देखी .... सम्म | तलव बृद्दि रोक्का मिति देखी सम्म | बढुवा रोक्का मिति देखी सम्म | असाधारण (अध्ययन) विदा अवधि मिति ..... देखी .....सम्म | कार्यलयमा अनुपस्थित मिति.........देखी .........सम्म | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |

**न्यूनतम शैक्षिक योग्यताको विवरणः**

| क्र.सं. | शैक्षिक संस्थाको नाम | तह/कक्षा | उतिर्ण साल | श्रेणी | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |

द्रष्टव्यः माथिको विवरणमा उल्लेखित सवै व्यहोरा प्रमाणित गर्ने कागजात सम्लग्न हुनुपर्नेछ ।

माथि उल्लेखित विवरणमा कुनै व्यहोरा झुठा लेखिएको ठहरे कानुन वमोजिम सजाय स्वीकार गर्नेछु भनि सहिछाप गर्नेः

कर्मचारकी नामः ........................

पदः ...................................

दस्तखतः ..............................

दायाँ वा बायाँ औँलाको छाप

मितिः.........................................

अनुसूची-२

फाल्गुनन्द गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

फाक्तेप पाँचथर,

कोशी प्रदेश

पत्र संख्या मितिः-

चलानी नं.

विषयः- तह वृद्धि गरिएको सम्वन्धमा ।

महायश,

प्रस्तुत विषयमा तपाईलाई कोशी प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० र यस गाउपालिकाको कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ अनुसार मिति ................................बाट लागु हुने गरी एक तह वृद्धि गरी देहाय बमोजिमको सेवा, समूह र पद कायम हुने गरी तह वृद्धि गरी पदस्थापन गरीएको छ

.........................तहमा तह वृद्धि हुनु भएकोमा हार्दिक वधाई ।

| कर्मचारीको हालको विवरण | तह वृद्धि भएको विवरण |
|---|---|
| सेवाः-<br>समुहः-<br>तहः-<br>पदः-<br>कार्यालयः- | सेवाः-<br>समुहः-<br>तहः-<br>पदः-<br>पदस्थापना भएको कार्यालयः- |

श्री ...............................

क.सं.न. .........................

...................

(प्रमुख प्रशासकीय अधिकृत)

वोधार्थः-

१. .............

२. .............